# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७६/०७७

चलानी नं. :- ९३१०

मिति २०७६/१२/२८

बिषय :- सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयको जानकारी सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा श्री सर्वोच्च अदालतको मिति २०७६।१२।२८ को पूर्ण बैठकको निर्णयको जानकारी सम्बन्धी उक्त अदालतको च.न.१७७९ मिति २०७६।१२।२८ को पत्र पाना ३ को यसै साथ संलग्न छ । सो अनुसार अभियोग पत्र दर्ता, म्याद थप, ७३ नम्बर निवेदन सँग सम्बन्धित समेतका कार्यहरु गर्न गराउन आवश्यक व्यवस्थापन गर्नुहुन अनुरोध छ । साथै उच्च सरकारी वकील कार्यालयहरुले आफ्ना मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुलाई तत् सम्बन्धमा जानकारी गराउनुहुन समेत अनुरोध छ।

..........................

(लोकराज पराजुली)

सह-न्यायाधिवक्ता

श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

सर्वोच्च अदालत काठमाडौं

पत्र संख्या : ०६६/६६
प्राप्त पत्र संख्या र मिति :
च.नं. १६६९

मिति : २०७६।१२।२८

विषय : निर्णयको जानकारी सम्बन्धमा।

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाह पथ, काठमाडौं।

प्रस्तुत सम्बन्धमा सर्वोच्च अदालतको मिति २०७६।१२।२८ गते बसेको पूर्ण बैठकले देहायबमोजिमको निर्णय गरेको हुँदा जानकारी एवं कार्यार्थको लागि अनुरोध गरिन्छ।

१. कोरोना भाइरस (कोभिड– १९) को महामारीका कारण उत्पन्न विषम परिस्थितिमा अदालतको कार्य प्रकृति अनुसार अदालतहरुमा हुने उपस्थिति र भिडभाडलाई आवश्यक व्यवस्थापन र नियन्त्रण गरी सेवाग्राही, अदालतका जनशक्ति, कानून व्यवसायी एवम् अदालतमा आउने अन्य सरोकारवालाहरुको स्वास्थ्य सुरक्षा र रोग संक्रमणको जोखिम् न्यूनीकरण गर्न अत्याश्यक देखिएकोले मुद्दामा पेशी, तारिख समेतका काम कारवाहीहरुको स्थगन र यस अवधिमा अदालतहरुबाट सम्पादन हुने कार्यहरुको निर्धारण लगायतका विषयमा मिति २०७६।१२।०७ गते बसेको आकस्मिक पूर्ण वैठकबाट विभिन्न निर्णयहरु भई सोबमोजिमको व्यवस्थापनको अवधि मिति २०७६।१२।२१ सम्म तोकिएकोमा नेपाल सरकारबाट कोरोनाको संक्रमण, रोकथाम र निर्मूल गर्ने सम्बन्धमा मिति २०७६।१२।१० मा बन्दाबन्दी (Lockdown) लगायत जारी भएका विभिन्न आदेशहरुबाट सिर्जित परिस्थिति अनुरुप मिति २०७६।१२।१२ मा बसेको आकस्मिक पूर्ण वैठकबाट यस अवधिमा अदालतहरुबाट सम्पादन हुने गरी तोकिएका कार्यहरुमा पुनरावलोकन समेत भई नेपाल सरकारले बन्दाबन्दीको अवधि थप गरी २०७६ चैत्र २५ गतेसम्म निरन्तरता दिएको सन्दर्भमा मिति २०७६।१२।२१ मा बसेको पूर्ण वैठकले व्यवस्थापकीय पक्षहरुको तयारी समेतलाई दृष्टिगत गरी अदालतका काम कारवाहीहरुको उपरोक्त बमोजिमको ब्यवस्थापनको अवधिलाई चैत्र २८ गतेसम्म निरन्तरता दिइएको थियो ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६ चैत्र २४ गते बसेको वैठकको निर्णयबाट कोरोना संक्रमणको अवस्था र बन्दाबन्दीको प्रभाव मूल्यांकन गरी बन्दाबन्दीको अवधिलाई २०७७ वैशाख ३ गते रातीसम्मको लागि थप गरेको अवस्था हुंदा पूर्ण वैठकको

श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

उल्लिखित निर्णय बमोजिम गरिएको व्यवस्थापनको अवधिलाई थप गर्नु आवश्यक देखिएकोले आगामी वैशाख ३ गतेसम्मका लागि बन्दाबन्दी अवस्थाको ब्यवस्थापनलाई निरन्तरता दिने।

२. सम्वत् २०७७ साल वैशाख ३ गते रातीसम्मको लागि बन्दाबन्दीको अवधि थप भएको र सो अवधिपश्चात पनि नेपाल सरकारबाट बन्दाबन्दीलाई निरन्तरता दिइएमा सो अनुरुप थप हुन जाने अवधिसम्म अदालतको कार्य सञ्चालनसम्बन्धी निर्णय नं. १ बमोजिमको ब्यवस्थापनलाई पनि स्वतः निरन्तरता दिने।

३. बन्दाबन्दी (Lockdown) को अवधिमा बन्दीप्रत्यक्षीकरणको निवेदन तथा गम्भीर प्रकृतिका कोभिड– १९ संग सम्बन्धित बिषयका रिट निवेदनको दर्ता र सुनुवाई, पक्राउ अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन, मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ अनुसारको रकम तिरी कैदबाट छोडिपाऊं भन्ने निवेदन र बालसुधार गृहमा रहेका बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाई पाऊँ भन्ने निवेदन दर्ता र सो उपरको कारवाही पूर्व निर्णयअनुसार नियमितरुपमा सम्पादन गर्ने।

४. अदालतहरुमा हुने भीडभाड र महामारीबाट फैलिन सक्ने संक्रमणको जोखिमलाई दृष्टिगत गरी मिति २०७६।१२।१२ को आकस्मिक पूर्ण बैठकको निर्णयबमोजिम अभियोग पत्र दर्ता, बयान, थुनछेक आदेश र म्याद थपको कार्य यसवीचको अवधिमा स्थगन तथा सो सम्बन्धी सेवा प्रवाह वन्द गरिएकोमा बन्दाबन्दीको अवधि लम्बिदै गएको र अनुसन्धान तहकिकातको क्रममा हिरासतमा रहेका ब्यक्तिहरुको सुरक्षित जीवनको हक तथा बैयक्तिक स्वतन्त्रताप्रति बिशेष रुपमा संवेदनशीलता अपनाउन आवश्यक देखिएको हुँदा अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), अभियोग पत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने सम्बन्धी कार्य आजदेखि नै नियमितरुपमा गर्ने गराउने।

५. मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको कारवाही र सुनुवाई, बन्दाबन्दीको अवधिमा भएका लिखत दरपीठ आदेशउपरको निवेदन दर्ता र सुनुवाई तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम दर्ता भइसकेका पुनरावलोकनका निवेदनको सुनुवाई सम्बन्धी कार्य आगामी आइतवार अर्थात, चैत्र ३० गतेबाट सम्बन्धित अदालतहरुले गर्ने ब्यवस्था मिलाउने।

श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

सर्वोच्च अदालत
काठमाडौं

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

६. कोभिड-१९ नियन्त्रणमा आईनसकेको र यसको संक्रमण फैलिने जोखिम कायमै रहेको हुँदा सबैको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी अदालतहरुमा हुनसक्ने भिडभाड तथा रोग संक्रमणको जोखिम न्यूनिकरण गर्न न्युन सँख्याको जनशक्ति, कानून व्यवसायी र सेवाग्राहीको उपस्थिति व्यवस्थापन लगायतका अन्य उपयुक्त उपायहरुको अवलम्वन गरी त्यस्ता मुद्दाको कारवाही र सुनुवाईको प्रबन्ध सबै अदालत तथा न्यायाधिकरणहरुले मिलाउने।

७. बन्दाबन्दीको अवस्था समाप्त भएपश्चात अदालतको कामकारवाही ब्यवस्थापन गर्न लाग्ने समयसमेतलाई मध्यनजर गरी निर्णय नं.१ र २ बमोजिमको अवधि समाप्त भएको मितिले तीनदिन पछि मुद्दाको नियमित सुनुवाई लगायतका अन्य काम कारवाहीहरु सबै अदालत तथा न्यायाधिकरणहरुबाट नियमितरुपमा सञ्चालन हुने गरी ब्यवस्था मिलाउने।

२०७६।१२।२८

देवेन्द्र ढकाल
उपरजिस्ट्रार